# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०७।१५ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको ।**

-----------------------------------------------

शंकर निम्न माध्यमिक विद्यालय, कन्चनपुरका शिक्षक नैनसिंह वडायकको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेकोले छानबिन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश भारतबाट प्राप्त गरेको हाईस्कुल तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी शिक्षक पदमा नियुक्ति लिइ सरकारी लाभ तथा सुविधा समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता